फोन नं. ०१-६६३०८११

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
वन विभाग
# जिल्ला वन कार्यालय, भक्तपुर

प. सं. :- ०७४/०७५ विकास तथा व्यवस्थापन
च. नं. :

मिति : २०७४।११।०१

व्यवसायिक प्रयोजनका लागि कवुलियति वन उपलब्ध गराउने सम्वन्धी प्रस्ताव आह्वान सम्वन्धी सूचना !!!
(गोरखापत्र राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७४।१०।२९ गते)

श्री मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालय,मकवानपुर हेटौंडाको च.नं.२६५ मिति २०७४।१०।१२ को प्राप्त पत्र बमोजिम चाँगुनारायण नगरपालिका वडा नं.६ मा देहाय बमोजिम अतिक्रमणको जोखिममा रहेको झाडि वुट्यान रहेको राष्ट्रिय वन वन ऐन,२०४९ को दफा ३९(ग) बमोजिम वन संरक्षण र विकास हुने गरि पर्यटन व्यवसाय संचालन गर्न कवुलियती वनको रुपमा लिन माग भएको सन्दर्भमा कारवाहीका लागि प्रस्तुत हुँदा वन ऐन, २०४९ तथा वन नियमालली २०५१ को नियम ३९ क(१) अनुसार प्रस्ताव आह्वान गरि कवुलियति वनको रुपमा प्रदान गर्ने तर्फ कारवाही गर्न म.क्षे.व.निर्देशनालय,हेटौंडालाई निर्देशन दिने भनी नेपाल सरकार(सचिव स्तर) को मिति २०७४।१०।९ को निर्णय अनुसार लेखि आएकोले यसमा उक्त वन क्षेत्र वन ऐन,२०४९ वन नियमावली,२०५१को नियम ३९ तथा कवुलियति वन नीति, २०५९ व्यावसायिक प्रयोजनको लागि कवुलियति वन प्रदान गर्ने कार्यविधि २०६८ को १(ख) उद्धेश्यका लागि वन ऐन २०४९ को दफा ३९(ग) बमोजिम वन संरक्षण र विकास हुने गरि पर्यटन व्यवसाय संचालन गर्न वन ऐन,२०४९ तथा वन नियमावली २०५१ को नियम ३९ क (१) अनुसार तपसील बमोजिमको राष्ट्रिय वन क्षेत्र इच्छुक स्थापित संगठित संस्था,उद्योग वा समुदायले प्रचलित कानुन बमोजिम कबुलियती वनको रुपमा लिन चाहेको वनको क्षेत्रफल ,चार किल्ला ,उद्धेश्य प्राप्त गर्नको लागि गरिने कार्यहरुको योजनाबद्ध कार्यक्रम तोकिएको विवरणहरु र आर्थिक सम्भाव्यता प्रतिवेदन सहित तोकिएको ढाँचा (TOR) मा यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयमा सिलबन्दी गरी प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्न सम्बन्धीत सबैका जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ ।

तपसील

१.सिलबन्दी प्रस्तावको कार्यसुची (TOR )रु. १०००।-(पछी फिर्ता नहुने गरी) यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
२.सिलबन्दी प्रस्ताव दाखिला गर्दा आवेदन पत्र साथमा नेपाली नागरिकताको प्र.प. को छाँयाप्रति ,संस्था भएमा दर्ता प्रमाण पत्र तथा स्थायी लेखा नम्बर प्र.प.प्रतिलिपी ,कर चुक्ता प्रमाण प्रतिलिपी, सम्बन्धित न.पा. वा वडा कार्यालयको सिफारिस सामुदायिक वन क्षेत्रको हकमा समुहको निर्णय सहित सिफारिस पत्र ,राष्ट्रिय वन क्षेत्रको हकमा स्थानीय समुदायासमुहको सहमती समेत पेश गर्नुपर्ने छ।
३.व्यवसायिक कबुलियती वनको रुपमा उपलब्ध हन सक्ने अतिक्रमणको जोखिममा रहेको / क्षतिग्रस्त राष्ट्रिय वन क्षेत्र ।

| क्र.स | वनको नाम र अवस्था | ठेगाना | अनुमानित वनको क्षेत्रफल( हेक्टर) र रुख संख्या | चारकिल्ला | कै. |
|---|---|---|---|---|---|
| १. | नगरकोट क्षेत्रको राष्ट्रिय वन (झाडी वुट्यान) | चाँगुनारायण न.पा. ६ | ०.६३ हे. रुख पोल १२१ वटा | पूर्व : राष्ट्रिय वन,कि.न.४३ प<br>पश्चिम : राष्ट्रिय वन कि.न.४३ प<br>उत्तर : भक्तपुर नगरकोट पिच सडक कि.न.४७ प<br>दक्षिण : राष्ट्रिय वन,कि.न.४३ प | जिल्लाको स्वीकृत पञ्चवर्षीय वन कायायोजनामा समेत समावेश भएको । |

४.प्रस्ताव जिल्ला वन कार्यालय भक्तपुरमा तोकिएको म्याद भित्र पेश गर्नु पर्ने छ ।
५.प्रस्तावमा व्यवसायिक कबुलियती वन लिन चाहेको उद्देश्य स्पष्ट पारी लेख्नु पर्ने छ।
६.प्रस्ताव पेश गर्नु पर्ने अन्तिम मिति : २०७४ साल फागुन २९ गते दिनको ठिक ५.०० बजे कार्यालय समय भित्र।
७.प्रस्ताव खोल्ने मिति समय र स्थान:यो सुचना प्रकाशित भएको मितिले ३१औं दिन मिति २०७४ साल फागुन ३० गते दिनको २.०० बजे जिल्ला वन कार्यालय भक्तपुर ।
८.माथि तोकिएको दिन कुनै सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा उल्लेखित कार्य हुने छ।
९.प्रस्ताव खोल्दाका बखतमा प्रस्तावक वा निजको प्रतिनिधी उपस्थित हुनु पर्ने छ तर निज वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न सकिने छ।
१०.यस सुचनामा उल्लेख भएकोमा यसै बमोजिम र नभएकोमा प्रचलित ऐन नियम कार्यविधि र निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।
११.कबुलियती वनको रुपमा उपयुक्त देखिएमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समुहको सहमती लिई वन क्षेत्र व्यवसायिक कबुलियती वनको रुपमा व्यवस्थापन गर्न सकिने छ।
१२.अन्य कुराहरुको हकमा प्रचलित निती ,नियम,कानुन, निर्देशिका र कार्यविधी बमोजिम हुने छ।

विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।
सम्पर्क फोन नं ०१-६६३०८११,९८५१२०२८४५,९८५१२०२८४१